नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

# स्थानीय राजपत्र

## खण्ड ६, संख्याः७, चैत्र १४ गते, २०७९ साल

**सिद्धलेक गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

# भाग १

## सिद्धलेक गाउँपालिका सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७९

गाउँसभाबाट स्वीकृत मितिः २०७९।१२।१३

## प्रस्तावना :

सिद्धलेक गाउँपालिका क्षेत्रभित्र पूर्वाधार संरचना तथा सेवा क्षेत्रमा स्वदेशी वा विदेशी निजी क्षेत्र समेतको लगानीको माध्यमबाट नवीन प्रविधि, गुणस्तरीय सेवा, व्यवस्थापकीय कुशलता एवं लगानीमैत्री वातावरण निर्माण गर्दै गाउँपालिकाको आर्थिक विकास र समृद्धिमा योगदान पुऱ्याउन, सार्वजनिक निजी साझेदारीमा निर्माण हुने परियोजनाहरुलाई व्यवस्थित गर्न तथा लगानी सम्बन्धी कानूनी व्यवस्थालाई स्पष्ट गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम सिद्धलेक गाउँपालिका गाउँसभाले यो ऐन बनाएको छ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "सिद्धलेक गाउँपालिका सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:-

(क) "अनुमतिपत्र" भन्नाले परियोजना कार्यान्वयन गर्न दफा ३ बमोजिम सावर्जनिक निजी साझेदारीमा र दफा २२ बमोजिम निजी लगानीमा परियोजना कार्यान्वयन गर्न प्रदान गरिएको अनुमतिपत्र वा इजाजतपत्र सम्झनु पर्छ।

(ख) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले परियोजना कार्यान्वयन गर्न अनुमतिपत्र वा इजाजतपत्र प्राप्त फर्म, कम्पनी वा व्यक्तिलाई सम्झनु पर्छ।

(ग) "उपभोक्ता" भन्नाले यस ऐन बमोजिम सार्वजनिक निजी साझेदारी तथा निजी लगानीमा निर्माण भएको पूर्वाधार संरचनाबाट सेवा, सुविधा उपभोग वा उपयोग गर्ने व्यक्ति वा निकाय सम्झनु पर्छ।

(घ) "एकाइ" भन्नाले सिद्धलेकगाउँपालिकाको सार्वजनिक निजी साझेदारी एकाइ सम्झनु पर्छ।

(ङ) "कार्यपालिका" भन्नाले सिद्धलेक गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अर्न्तगत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "गाउँसभा" भन्नाले सिद्धलेक गाउँसभालाई सम्झनु पर्छ।

(ज) "निजी लगानी" भन्नाले दफा २२ बमोजिम गरिने लगानी सम्झनु पर्छ।

(झ) "निर्माण" भन्नाले यस ऐन बमोजिम पूर्वाधार संरचनाको विकास, निर्माण वा पुनर्स्थापनाको कार्य सम्झनु पर्छ।

(ञ) "परियोजना" भन्नाले यस ऐन बमोजिम सार्वजनिक-निजी साझेदारीमा लगानी गरी कार्यान्वयन गरिने पूर्वाधार संरचना सम्बन्धी परियोजना सम्झनु पर्छ र सो शब्दले निजी लगानीमा कार्यान्वयन गरिने परियोजनालाई समेत जनाउँछ।

(ट) "अध्यक्ष" भन्नाले सिद्धलेक गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(ठ) "उपाध्यक्ष" भन्नाले सिद्धलेक गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।

(ड) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सिद्धलेक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ण) "प्रस्तावक" भन्नाले यस ऐन बमोजिम प्रस्ताव पेश गर्ने व्यक्ति सम्झनु पर्छ।

(त) “पुनर्स्थापना” भन्नाले मौजुदा पूर्वाधार संरचनाको मर्मत, विस्तार वा पुनर्निर्माण गरी पुनर्स्थापना गर्ने काम सम्झनु पर्छ ।

(थ) “पूर्वाधार संरचना” भन्नाले सडक, सववे, सुरुङ्गमार्ग, पुल, अस्पताल, केबुलकार, रेल्वे, ट्रलीबस, बस जलमार्ग, परिवहन बिसौनीस्थल, सुख्खा बन्दरगाह, प्रदर्शनीस्थल, पार्क, सञ्चार तथा सूचना प्रविधि, वित्तीयबजार पूर्वाधार, विशेष आर्थिक तथा औधोगिक क्षेत्र, कृषि क्षेत्र, शिक्षा क्षेत्र, होटल वा पर्यटन क्षेत्र, सवारी पार्किङ्ग, जलाशय, बाँध, ढल निकास, फोहोर मैला प्रशोधन तथा व्यवस्थापन, ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् संकलन तथा प्रशोधन (क्रसर), वन पैदावर संकलन र प्रशोधन, ऊर्जा उत्पादन, प्रशासरण तथा वितरण, रङ्गशाला, मनोरञ्जन पार्क, सार्वजनिक सभागृह, बहुउद्देश्यीय भवन (मेघा हल) वा सार्वजनिक गोदामघर, विविध सहरी पूर्वाधार, शीतभण्डार सम्बन्धित पूर्वाधार निर्माण सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार संरचना समेतलाई जनाउँछ ।

(द) “मनसायपत्र” भन्नाले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा दफा ८ बमोजिम माग गरिएको मनसायपत्र सम्झनु पर्छ ।

(ध) “महसुल” भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले सेवा सुविधा उपलब्ध गराए बापत उपभोक्तासँग लिने सेवा शुल्क सम्झनु पर्छ ।

(न) “लगानी” भन्नाले यस ऐन बमोजिम ऋण वा स्वपूँजी वा पुनःलगानी वा यस्तै प्रकारका वित्तीय उपकरण मार्फत परियोजनामा गरिने पूँजी प्रवाह सम्झनु पर्छ ।

(प) “लगानीकर्ता” भन्नाले यस ऐन बमोजिम परियोजनामा लगानी गरेको वा लगानी गर्न ईच्छा व्यक्त गर्ने फर्म, कम्पनी वा व्यक्ति सम्झनु पर्छ र सो शब्दले परियोजनाको अध्ययन, विकास निर्माण वा सञ्चालन गर्ने फर्म, कम्पनी वा व्यक्तिलाई समेत जनाउँछ ।

(फ) “बोर्ड” भन्नाले सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ बमोजिमको लगानी बोर्डलाई सम्झनु पर्छ ।

(ब) “सम्झौता” भन्नाले सिद्धलेक गाउँपालिका र लगानीकर्ता बीच भएको परियोजना विकास सम्झौता, परियोजना लगानी सम्झौता वा सुविधा सम्झौता (कन्सेसन एग्रिमेन्ट) वा यस्तै प्रकारका सम्झौता सम्झनु पर्छ ।

(भ) “समिति” भन्नाले दफा १६ बमोजिमको सार्वजनिक निजी साझेदारी व्यवस्थापन समिति सम्झनु पर्छ ।

(म) “सर्वेक्षण” भन्नाले परियोजना कार्यान्वयन गर्नको लागि गरिने प्रारम्भिक अध्ययन, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन, विस्तृत सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन वा अन्य यस्तै प्रकारका अनुसन्धान वा अन्वेषण सम्बन्धी कार्य सम्झनु पर्छ ।

(य) “सार्वजनिक निजी साझेदारी” भन्नाले गाउँपालिका र लगानीकर्ता बिच श्रोत वा प्रतिफल बाँडफाँड तथा जोखिम व्यहोर्ने गरी आपसी सहकार्यमा पूवार्धार संरचना निर्माण, सञ्चालन, पुनःस्थापना वा सार्वजनिक सेवाप्रवाह गर्न दफा ३ को उपदफा (२) मा उल्लेख भएमध्ये कुनै तरिकाबाट परियोजना कार्यान्वयन गर्ने प्रबन्ध सम्झनु पर्छ ।

(र) “संघीय कानुन” भन्नाले सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ र यस सम्बद्ध अन्य संघीय कानुनलाई समेत जनाउँछ ।

## परिच्छेद – २
## सार्वजनिक निजी साझेदारी सम्बन्धी व्यवस्था

३. **सार्वजनिक निजी साझेदारी लगानीबाट परियोजना कार्यान्वयन गर्न सकिने :** (१) गाउँपालिकाले पूर्वाधार संरचना तथा सेवा क्षेत्रका कुनै परियोजना सार्वजनिक निजी साझेदारी लगानीबाट यस ऐन तथा प्रचलित कानुन बमोजिम सञ्चालन गर्न सक्नेछ ।

तर वित्तीय, प्राविधिक वा सञ्चालन सम्बन्धी जोखिम निजी क्षेत्रलाई हस्तान्तरण नगरी निजी क्षेत्रबाट हुने काम वा सेवा प्राप्त गर्ने उद्देश्यबाट सञ्चालन हुने परियोजना सार्वजनिक निजी साझेदारी लगानीबाट कार्यान्वयन गरिने छैन ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक निजी साझेदारीबाट परियोजना कार्यान्वयन गर्दा देहायको कुनै तरिका अपनाउन सकिनेछ-

(क) निर्माण तथा हस्तान्तरण,
(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण,
(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण,
(घ) निर्माण, हस्तान्तरण तथा सञ्चालन,
(ङ) लिज, सञ्चालन तथा हस्तान्तरण,
(च) लिज, निर्माण, सञ्चालन तथा हस्तान्तरण,
(छ) विकास, सञ्चालन तथा हस्तान्तरण,
(ज) व्यवस्थापन, सञ्चालन तथा हस्तान्तरण
(झ) पुनर्स्थापना, सञ्चालन तथा हस्तान्तरण
(ञ) अन्य यस्तै तरिकाबाट ।

४. **प्राथमिकता निर्धारण :** सार्वजनिक निजी साझेदारीबाट कार्यान्वयन गरिने परियोजनाको प्राथमिकताका क्षेत्र समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

५. **परियोजना पहिचान :** (१) समितिले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने परियोजना पहिचान गरी सूची तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूची तयार गर्दा परियोजनाको सर्भेक्षण लगायतको अध्ययन भए वा नभएको तथा तोकिए बमोजिमका अन्य विवरण समेतका आधारमा प्राथमिकता निर्धारण गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम परियोजना पहिचान गरी सूची निर्धारण गर्दा प्राविधिक तथा वित्तीय बिषयहरुमा बोर्डसँग परामर्श लिन सकिनेछ ।

६. **परियोजना स्वीकृत गराउनु पर्ने :** (१) दफा ५ बमोजिम पहिचान गरी सूचीकृत गरिएका परियोजनाहरु कार्यान्वयन गर्ने सम्बन्धमा कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना स्वीकृत गराउँदा दफा ३ को उपदफा (२) मा उल्लेखित तरिकामध्ये कुन तरिकाबाट कार्यान्वयन गर्न सकिने हो सोको व्यहोरा उल्लेख गर्नुपर्नेछ ।

(३) गाउँपालिका अन्तर्गत एकै प्रकृतिका एकभन्दा बढी परियोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न यस दफा बमोजिम परियोजना स्वीकृत गराउँदा त्यस्तो परियोजनाको पुनःप्राथमिकीकरण गर्नु पर्नेछ ।

७. **परियोजनाको सूची प्रकाशन गर्ने :** दफा ६ बमोजिम परियोजना स्वीकृत भएपछि गाउँपालिकाले परियोजनाको सूची स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

८. **आशयपत्र आव्हान गर्ने :** (१) दफा ७ बमोजिम स्वीकृत परियोजनाको अध्ययन-अनुमति, सर्वेक्षण वा कार्यान्वयनका लागि गाउँपालिकाले सार्वजनिक रुपमा सूचना प्रकाशन गरी आशयपत्र आह्वान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचनामा देहायका विवरण खुलाउनु पर्नेछ :

(क) आशयपत्र पेश गर्ने कार्यालय,

(ख) आशयपत्र पेश गर्ने अवधि,

(ग) आशयपत्रमा खुलाउनुपर्ने विवरण,

(घ) आशयपत्र साथ संलग्न गर्नुपर्ने कागजातहरु

(ङ) प्रस्तावकको प्राविधिक तथा आर्थिक क्षमता,

(च) तोकिए बमोजिमका अन्य विवरण ।

९. **आशयपत्र पेश गर्ने :** परियोजनाको अध्ययन-अनुमति, सर्वेक्षण वा कार्यान्वयन गर्न चाहने व्यक्तिले तोकिए बमोजिमका शर्तका अधीनमा रही दफा ८ बमोजिमको सूचनामा उल्लेखित अवधिभित्र तोकिएको कार्यालयमा आशयपत्र पेश गर्नु पर्नेछ ।

१०. **संक्षिप्त सूची तयार गर्ने :** दफा ९ बमोजिम आशयपत्र प्राप्त भए पश्चात  विषय विशेषज्ञ सम्मिलित मूल्याङ्कन समितिले तोकिए बमोजिमको आधारमा मूल्याङ्कन गरी तोकिएका प्रक्रिया बमोजिम प्रस्तावकहरुको संक्षिप्त सूची तयार गर्नु पर्नेछ ।

११. **प्रस्ताव आह्वान गर्ने :** (१) दफा १० बमोजिम संक्षिप्त सूची तयार गरेपछि गाउँपालिकाले सार्वजनिक सूचना प्रकाशन गरी सो सूचीमा परेका प्रस्तावकहरुसँग तोकिए बमोजिमका बिषयहरु खुलाइ प्रस्ताव आव्हान गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने प्रस्तावकले तोकिए बमोजिमका विवरणहरु खुलाइ सूचनामा उल्लेखित अवधिभित्र गाउँपालिकामा प्रस्ताव पेश गर्नु पर्नेछ ।

१२. **प्रस्ताव छनौट गर्ने :** (१) दफा  ११ को उपदफा (२) बमोजिम प्रस्ताव प्राप्त भएपछि गाउँपालिकाले तोकिएको मूल्याङ्कन समिति गठन गरी तोकिएको अवधिभित्र देहायका आधारमा प्रस्ताव छनौट गर्नेछ :

(क) तोकिएको समयमै निर्माण सम्पन्न गर्ने आधार सहितको प्राविधिक प्रस्ताव,

(ख) गाउँपालिकालाई बुझाउनु पर्ने रोयल्टी रकम भए प्रस्तावित रोयल्टी रकम,

(ग) परियोजना कार्यान्वयन गर्दा उपभोक्तासँग लिने प्रस्तावित महसुल लगायतका विषय उल्लेखित आर्थिक प्रस्ताव ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव छनौट सम्बन्धी आधारका अतिरिक्त वातावरण व्यवस्थापन तथा अन्य विवरणहरु समेत आवश्यकता अनुसार गाउँपालिकाले सूचनामा उल्लेख गरेको हुनु पर्नेछ ।

(३) प्रस्ताव छनौट गरेपछि गाउँपालिकाले त्यसको जानकारी तोकिएको अवधिभित्र प्रस्तावकलाई दिनु पर्नेछ ।

(४) यस दफा बमोजिमको प्रस्ताव छनौट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. **आव्हान नगरिएको प्रस्ताव :** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि प्रस्तावक स्वयंले सार्वजनिक निजी साझेदारीको माध्यमबाट परियोजना कार्यान्वयन गर्नको लागि गाउँपालिका समक्ष तोकिए बमोजिमको आधार, दस्तुर र ढाँचामा प्रस्ताव पेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव पेश गर्दा देहायका विषयहरु उल्लेख गर्नुपर्ने छ :

(क) परियोजनाको विवरण,

(ख) प्रस्तावकको प्राविधिक तथा वित्तीय क्षमता सहितको विवरण (प्रोफाइल),

(ग) परियोजनाको प्रारम्भिक संभाव्यता अध्ययन प्रतिवेदन भए त्यस्तो प्रतिवेदन,

(घ) प्रस्तावित व्यवसायिक योजना,

(ङ) परियोजनामा प्रयोग हुने प्रविधि,

(च) परियोजनाबाट प्राप्त हुने संभावित लाभको विवरण ।

(३) उपदफा (१) बमोजिम प्राप्त प्रस्ताव दफा १२ को उपदफा १) बमोजिमको मूल्याङ्कन समितिको सिफारिसको आधारमा सो परियोजनाको अध्ययन तथा सर्भेक्षण अनमुति वा परियोजना विकास वा सञ्चालनको लागि तोकिएको प्रक्रिया पुरा गरी तोकिए बमोजिमको ढाचाँमा इजाजतपत्र प्रदान गर्न सकिने छ ।

(४) उपदफा (१) बमोजिम प्राप्त भएको परियोजना प्रस्तावलाई मूल्याङ्कन गर्दा सार्वजनिक निजी साझेदारीमा निर्माण हुने परियोजना प्रतिस्पर्धाको आधारमा अगाडि बढाउँदा लाभदायी हुने देखिएमा सोही प्रस्तावलाई 'स्वीस च्यालेन्ज'का आधारमा गाउँपालिकाले तोकेको प्रक्रिया बमोजिम प्रतिस्पर्धा गराउन सक्नेछ ।

**स्पष्टीकरण:** स्वीस च्यालेन्ज भन्नाले गाउँपालिकाले कुनै सेवा क्षेत्र वा सडक, सार्वजनिक परियोजनाका लागि आव्हान नगरिएको प्रस्ताव प्राप्त गरेको अवस्थामा उक्त प्रस्ताव भन्दा राम्रो प्रस्ताव प्राप्त हुनसक्ने अभिप्रायले उपयुक्त प्रस्ताव चयन गर्न प्राप्त प्रस्तावलाई कुनै पनि विधि वा प्रक्रियाबाट तेस्रो पक्षलाई समेत आव्हान गरी वा सार्वजनिक गरी मूल्याङ्कन गरिने विधि सम्झनु पर्छ ।

(५) उपदफा (१) बमोजिमको प्रस्ताव उपर वार्ता गर्दा प्रस्तावक बाहेक अन्य कुनै प्रस्तावकको प्रस्ताव स्वीकृत भएमा स्वीकृत भएको प्रस्तावकर्तावाट उपदफा (१) बमोजिमको प्रस्तावकलाई तोकिए बमोजिमको परियोजना विकासको क्रममा भएको प्रारम्भिक खर्च र अध्ययन तथा विकासको क्रममा सम्बन्धित निकायको कुनै खर्च भएको अवस्थामा सो समेत सोधभर्ना तोकिए बमोजिम उपलब्ध गराउन सकिनेछ ।

**१४. वार्ताद्धवारा परियोजना कार्यान्वयन गर्न सक्ने :** (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा दुईपटक आशयपत्र वा प्रस्ताव आव्हान गर्दा पनि छनौट हुन नसकेको अवस्थामा त्यस्तो परियोजना गाउँपालिकाले सोझै वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछ ।

(२) उपदफा (१) मा जनु सुकै कुरा लेखिएको भए तापनि देहायको कुनै कारणले कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न मनासिब हुने देखिएमा त्यस्तो परियोजना गाउँपालिकाले तोकिए बमोजिमको प्रक्रिया पुरा गरी वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछः ।

(क) परियोजनाको प्रकृति वा लागतको कारण आर्थिक तथा प्राविधिक रुपमा प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएको परियोजना,

(ख) नयाँ अवधारणा वा प्रविधि समावेश भएको परियोजना,

(ग) विशेष प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने गरी छनौट गरिएको परियोजना,

(घ) 'स्वीस च्यालेन्ज'लाई आधार मानी प्रतिस्पर्धा गराउँदा समेत असफल भएको परियोजना ।

(३) उपदफा (१) बमोजिमको कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न चाहने प्रस्तावकले तोकिएका विषयहरु खुलाइ गाउँपालिका समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रस्तावलाई तोकिए बमोजिम विस्तृत मूल्याङ्कन गरी कार्यपालिकाले वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न स्वीकृति दिन सक्नेछ ।

**१५. वार्ताद्वारा परियोजनाको विस्ततृ सम्भाव्यता अध्ययन गर्न सक्ने :** (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि विस्तृत सम्भाव्यता अध्ययन नभएको कुनै परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न चाहने व्यक्तिले सोको अनुमतिको लागि गाउँपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर जाँचबुझ गर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्ने अनुमति दिन मनासिब देखिएमा समितिले निवेदकसँग वार्ता गरी त्यस्तो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न गराउन अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्दा/गराउँदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने/गराउने व्यक्ति स्वयंले व्यहोर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गरिएको कुनै परियोजनाको कार्यान्वयन गर्नको लागि प्रतिस्पर्धा गराइएको अवस्थामा उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्ने/गराउने व्यक्ति छनौट हुन नसकेमा निजले सो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्दा/गराउँदा लागेको खर्च त्यस्तो परियोजनाको कार्यान्वयनको लागि छनौट भएको प्रस्ताव स्वीकृत हुने व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम व्यहोरिने रकमको निर्धारण स्वतन्त्र मूल्याङ्कनकर्ताबाट गराइनेछ ।

(६) यस दफा बमोजिम परियोजनाका सम्बन्धमा तयार पारिएको अध्ययन प्रतिवेदनका आधारमा त्यस्तो परियोजना यस ऐन बमोजिम कार्यान्वयन गरीनेछ ।

**१६. अनुमतिपत्र दिनुपर्ने :** (१) दफा १२, १३ र १४ बमोजिम प्रस्ताव छनौट वा स्वीकृति प्रदान गरेपछि समितिले प्रस्तावकलाई तोकिए बमोजिमको शर्तहरु तथा ढाँचामा समझदारी गरी परियोजनाको अध्ययन-अनुमति दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समझदारी गर्दा समयभित्र नै कार्य सम्पन्न गर्ने प्रयोजनका लागि तोकिए बमोजिमको परफर्मेन्स बण्ड लिनुपर्नेछ ।

(३) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम समितिबाट परियोजना स्वीकृत भई उपदफा (१) बमोजिम अनुमतिपत्र वा इजाजतपत्र प्राप्त गरेको अवस्थामा प्रचलित कानुनको रित पुऱ्याई जारी भएको मानिनेछ ।

## परिच्छेद-३
## सार्वजनिक निजि साझेदारी व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

**१७. सार्वजनिक निजी साझेदारी व्यवस्थापन समितिको गठनः** (१) सार्वजनिक निजी साझेदारी तथा निजी लगानीसँग सम्बन्धित समग्र व्यवस्थापन गर्न एक अधिकार सम्पन्न सार्वजनिक निजी साझेदारी व्यवस्थापन समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिकाका अध्यक्ष -अध्यक्ष
(ख) गाउँपालिकाका उपाध्यक्ष -सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
(घ) सम्बन्धित वडाका वडा अध्यक्ष -सदस्य
(ङ) अध्यक्षले तोकेको निजी क्षेत्रको विज्ञ एक जना -सदस्य
(च) कार्यपालिका सदस्यहरु मध्ये एकजना महिलासहित अध्यक्षले तोकेको दुईजना -सदस्य
(छ) अध्यक्षले तोकेको विषयविज्ञ एकजना -सदस्य
(ज) गाउँपालिकाको सार्वजनिक निजी साझेदारी एकाइ प्रमुख वा लेखा प्रमुख -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (च) बमोजिम सदस्य तोक्दा अध्यक्षले आफू सम्बद्ध राजनीतिक दल बाहेकको सदस्य समेतलाई तोक्नु पर्नेछ । तर कार्यपालिकामा अन्य राजनैतिक दलको प्रतिनिधित्व नभएको अवस्थामा यो उपदफाको व्यवस्था लागु हुनेछैन ।

(४) समितिले सम्बन्धित विषयमा अनुभव भएको तथा विशेषज्ञता हासिल गरेको कुनै व्यक्तिलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

**१८. समितिको बैठक र निर्णय :** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछन् ।

(३) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षले निर्णायक मत दिनेछन् ।

(४) समितिको बैठक एक आर्थिक बर्षमा कम्तीमा ६ पटक बस्नेछ र दुई बैठकको बिचको अवधि २ महिना भन्दा बढी नहुने गरी बस्नु पर्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) समितिको निर्णय अध्यक्षले प्रमाणीकरण गर्नेछन् र उक्त निर्णय- पुस्तिका सदस्य-सचिवको जिम्मामा रहनेछ ।

**१९. समितिको काम, कर्तब्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार  देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिका क्षेत्रभित्रका सम्भाव्य परियोजनाहरुको विवरण संकलन गरी त्यस्ता परियोजनाहरुको अध्ययन एवम् परियोजनाको सूची तयार गर्ने, गराउने

(ख) सार्वजनिक निजी साझेदारी वा निजी क्षेत्रबाट कायार्न्वयन हुने परियोजनाहरु मध्ये प्रतिस्पर्धात्मक वा विशेष प्राथमिकताका परियोजनाको छनौट गर्ने, गराउने

(ग) प्रतिस्पर्धात्मक रुपमा कार्यान्वयन गर्ने गरी छनौट गरिएका परियोजनाहरुको पारदर्शिता, स्वच्छता र प्रतिस्पर्धाको सुनिश्चितता हुने गरी प्राविधिक, वित्तीय क्षमता तथा समयमै परियोजना सम्पन्न गर्ने आधार मूल्याङ्कन गरी त्यस्ता परियोजनाहरुको पूर्व-योग्यताको सूची तयार, प्रस्ताव आव्हान, प्रस्तावको मूल्याङ्कन, परियोजना स्वीकृति, लगानी स्वीकृति तथा अध्ययन अनुमति, ईजाजत वा अन्य यस्तै प्रकारका स्वीकृति प्रदान गर्ने तथा आवश्यकता अनुसार त्यस्ता परियोजनाका प्रस्तावकसँग वार्ता गरी सम्झौता गर्ने, गराउने

(घ) विशेष प्राथमिकताका परियोजनाहरुको रुपमा कार्यान्वयन गर्ने गरी छनौट गरिएका परियोजनाहरुको वार्तामार्फत परियोजना विकास, निर्माण तथा सञ्चालन गर्ने गरी सम्झौता गर्ने/गराउने,

(ङ) आव्हान नगरिएका समितिमा सोझै प्राप्त हुन आएका प्रस्तावहरुको आवश्यकतानुसार अध्ययन/छलफल गरी उपयुक्त प्रस्तावलाई सर्वेक्षण अनुमतिपत्र दिने र त्यस्ता प्रस्तावमा उल्लेखित परियोजनाको लागि प्रचलित कानुन बमोजिम आवश्यक पर्ने अनुमतिपत्र, इजाजतपत्र, लगानी स्वीकृति तथा सहमति प्रदान गर्ने वा प्रस्तावकसँग वार्ता गरी सम्झौता गर्ने/गराउने,

(च)  स्वीकृत परियोजनाको अध्ययन गरी सम्झौता बमोजिम निर्माण, कार्यान्वयन वा सञ्चालन भए वा नभएको अनुगमन गर्ने, गराउने

(छ) पूर्वाधार निर्माण तथा परियोजना विकास लगायत लगानीका क्षेत्रमा सम्मिश्रित वित्त सम्बन्धी कार्य गर्ने,

(ज) आर्थिक वा गैर आर्थिक सुविधा उपलब्ध गराउनुपर्ने भएमा आवश्यक निर्णय प्रक्रियाका लागि कार्यपालिकामा पेशगर्ने,

(झ) स्वीकृत परियोजनाको वातावरणीय अध्ययनका लागि वन तथा वातावरण सम्बन्धी अनुमति लिनुपर्ने भएमा तोकिए बमोजिमको प्रकृया अनुरुप अनुमति दिन सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ञ) परियोजना विकास, लगानी प्रवर्धन तथा परियोजना कार्यान्वयनका लागि नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित मन्त्रालय, अन्य स्थानीय सरकार एवं सरकारी तथा निजी क्षेत्र बीच समन्वय गर्ने,

(ट) स्वीकृत परियोजनाहरूको कार्यान्वयनका लागि शीघ्र निर्णय र समस्याको छिटोछरितो सेवा प्रदान गर्ने,

(ठ) संम्झौता बमोजिम वित्तीय व्यवस्थापन भईसकेपछि त्यस्तो सम्झौता बमोजिम परियोजना कार्यान्वयनको अनुगमन गर्ने, गराउने

(ड) लगानीकर्तालाई अनुमति वा इजाजत प्रदान गरेवापत वा परियोजना विकास गर्न पुऱ्याएको सेवा तथा सहजीकरण वापत तोकिएको शुल्क, दस्तुर संकलन गर्न आवश्यक समन्वय गर्ने,

(ढ) सार्वजनिक निजी साझेदारी तथा निजी लगानी प्रवर्धन सम्बन्धी तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने

**२०. निर्देशन दिन सक्ने :** समितिले परियोजनाको कार्यान्वयनको सम्बन्धमा सम्बन्धित लगानीकर्तालाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ ।

**२१. विशेषज्ञ कार्यदल :** (१) परियोजना लगानीको कुनै खास प्राविधिक पक्षको अध्ययन तथा विश्लेषण गरी सुझाव दिन समितिले कार्यादेश सहित कार्याबधि तोकी सम्बन्धित क्षेत्रका विशेषज्ञ रहेको एक विशेषज्ञ कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमाजिमका  सदस्य तथा पदाधिकारीहरुको सुविधा समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-४

## सार्वजनिक निजी साझेदारी एकाइ सम्बन्धी व्यवस्था

**२२. सार्वजनिक निजी साझेदारी एकाइ गठन हुने :** (१) गाउँपालिकामा सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत कार्यान्वयन हुने परियोजनाहरुको सम्भाव्यता अध्ययन तथा विकासकर्ता छनौट गर्न, परियोजनाहरुको निर्माण, सञ्चालन तथा अन्य बिषयहरुमा सहजीकरण गर्न अध्यक्ष मातहत रहने गरी प्रशासनिक एकाइको रुपमा एक सार्वजनिक निजी साझेदारी एकाइ रहनेछ ।

(२) यस ऐनमा लेखिएका कुराहरुको अतिरिक्त सार्वजनिक निजी साझेदारी एकाइको काम, कर्तव्य तथा अधिकारहरु देहाय बमोजिम हुनेछ :-

(क) सार्वजनिक निजी साझेदारी सम्बन्धी नीतिगत विषयमा कार्यनीति, कार्यबिधि तथा निर्देशिका मस्यौदा गरी समिति समक्ष पेश गर्ने,

(ख) सार्वजनिक निजी साझेदारीमा परियोजना कायान्वियन गर्ने लगानीकर्तालाई आवश्यक राय, सुझाव वा परामर्श दिने तथा मार्गदर्शन गर्ने,

(ग) सार्वजनिक निजी साझेदारी सम्बन्धी आशयपत्र आव्हाान, पूर्व-योग्यता तथा प्रस्ताव आव्हाानपत्र तथा परियोजना सम्झौताको मस्यौदा तयार गर्ने, जारी गर्ने तथा लागू गर्ने,

(घ) सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने स्वीकृत परियोजनाको परियोजना बैंक तयार गरी अध्यावधिक गर्ने,

(ङ) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने परियोजनाको सम्भाव्यता अध्ययन, परियोजना तयारी विषयका विवरणको मूल्याङ्कन गरी राय प्रतिक्रिया दिने,

(च) सार्वजनिक निजी साझेदारीमा संचालित परियोजनाहरुको कार्यान्वयनको अवस्थाको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक राय, प्रतिक्रिया तथा सुझाव दिने,

(छ) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने परियोजनाहरुको साझेदार छनौट गर्ने प्रक्रिया तयार गरी समितिमा पेश गर्ने,

(ज) अन्तर्राष्ट्रिय सार्वजनिक निजी साझेदारीका असल अभ्यास तथा अनुभवहरुका सम्बन्धमा नियमित अनुसन्धान गर्ने तथा गाउँपालिकामा सार्वजनिक निजी साझेदारी ढाँचाको लागि उपयुक्त हुने विषयहरु अवलम्बन गर्ने,

(झ) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने आयोजनाको तयारी तथा कार्यान्वयनमा लगानीकर्तालाई आवश्यक सहयोग गर्ने,

(ञ) सार्वजनिक निजी साझेदारी लगानी सम्बन्धी विषयहरुमा क्षमता विकासको लागि आवश्यक तालिम, गोष्ठी, सम्मेलन आदिको आयोजना गर्ने,

(ट) सार्वजनिक निजी साझेदारी परियोजनासँग सम्बन्धित सूचनाहरु संकलन गरी अभिलेखीकरण गर्ने,

(ठ) समिति प्रति जवाफदेही भई कार्य गर्ने,

(ड) समितिले दिएको निर्देशन पालना गर्ने,

(ढ) मूल्याङ्कन समिति तथा कार्यदलहरुसँग समन्वय गरी कार्यगर्ने, सहजीकरण गर्ने,

(ण) सार्वजनिक निजी साझेदारी सम्बन्धी नीति, नियम, नमूना कागजातहरु, परियोजनाहरुको विवरण, सार्वजनिक निजी साझेदारी परियोजनाको वस्तुस्थिति तथा विवरण तथा सूचनाहरुको सम्प्रेषक भई कार्य गर्ने,

(त) समितिको सचिवालयको रुपमा कार्य गर्ने,

(थ) समितिले तोके बमोजिम अन्य कार्य गर्ने ।

(३) उपदफा (१) बमोजिमको एकाइमा आवश्यक कर्मचारी रहनेछन् ।

**परिच्छेद-५**

**निजी लगानी सम्बन्धी व्यवस्था**

**२३. निजी लगानी :** (१) एक करोड रुपैंया भन्दा बढी लागत अनुमान भएका परियोजनाहरुमा निजी क्षेत्रको लगानीबाट निर्माण, सञ्चालन र व्यवस्थापन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका परियोजनाहरुको सर्वेक्षण, सहजीकरण तथा लगानीको स्वीकृति समितिबाट हुनेछ ।

(३) उपदफा (१) बमोजिम निजी लगानी सम्बन्धी परियोजनाहरुको लागि तोकिए बमोजिमका आधारमा प्रस्तावको मूल्याङ्कन गरी अनुमति वा इजाजत प्रदान गरीनेछ ।

**२४. परियोजना पहिचान :** (१) निजी लगानीमा कार्यान्वयन गर्न सकिने एक करोड रुपैंया भन्दा माथिका परियोजनाहरु आवश्यकता अनुसार बोर्ड, अन्य सम्वद्ध निकाय तथा निजीक्षेत्र समेतसँग समन्वय तथा सहकार्य गरी परियोजनाको सूची एकाइले तयार गरी समितिसमक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) मा जुनसूकै कुरा लेखिएको भए तापनि सूचीमा नपरेका परियोजनासँग सम्बन्धित प्रस्ताव स्वीकृतिका लागि समिति समक्ष पेश गर्न कुनै वाधा पुगेको मानिने छैन् ।

**२५. परियोजना स्वीकृत हुनुपर्ने :** दफा २४ बमोजिम एकाइले पहिचान गरी सिफारिस गरेको परियोजना कार्यान्वयनका लागि समितिबाट स्वीकृत हुनुपर्नेछ ।

**२६. समझदारी गरी इजाजतपत्र प्रदान गर्ने :** दफा २५ बमोजिम प्रस्ताव स्वीकृत भएमा कार्यान्वयनका लागि तोकिए बमोजिमको शर्त र ढाँचामा समझदारी गरी परियोजनाको अध्ययन अनुमतिपत्र प्रदान गरिनेछ ।

**परिच्छेद-६**

**सम्झौता सम्बन्धी व्यवस्था**

**२७. परियोजनाको विवरण पेश गर्नु पर्ने :** (१) दफा ३ बमोजिम सार्वजनिक निजी साझेदारीमा र दफा २२ बमोजिम निजी लगानीमा परियोजना कार्यन्वयन गर्न समझदारी गरेकोमा त्यस्तो समझदारीपत्रमा उल्लेखित समयावधि भित्र प्रस्तावकले परियोजना कार्यान्वयन गर्न तोकिए बमोजिमका विवरणहरु समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसकेमा त्यसको आधार र कारण खुलाइ थप अवधि माग गरी समिति समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन उपर जाँचबुँझ गर्दा प्रस्तुत आधार र कारण मनासिब देखिएमा समितिले त्यस्तो विवरण पेश गर्न एक पटकको लागि थप समय दिन सक्नेछ ।

**२८. सम्झौता गर्नु पर्ने :** (१) दफा १६ र  दफा २५ बमोजिम भएको समझदारीपत्र तथा दफा २६ बमोजिम प्राप्त विवरणको आधारमा प्रस्तावकसँग सम्झौताका शर्त लगायतका विषयमा वार्ता गर्न समितिल एक वार्ता समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित वार्ता समितिले प्रस्तावकसँग आवश्यकता अनुसार वार्ता गरी सम्झौतामा देहायका कुराहरु खुलाइ सम्झौताको अन्तिम मस्यौदा तयार गर्नेछ :

(क) परियोजनाको विवरण,

(ख) परियोजना सुरु र सम्पन्न गर्ने मिति,

(ग) परियोजनाको निर्माण वा सञ्चालन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियत,

(घ) परियोजनामा गरिने लगानी र सोको ग्यारेन्टी सम्बन्धी व्यवस्था,

(ङ) अनुमतिपत्रको अवधि,

(च) परियोजना कार्यान्वयनको चरणवद्ध विवरण र कार्यान्वयन तालिका,

(छ) परियोजनाको प्राविधिक गुणस्तर तथा मापदण्ड,

(ज) परियोजना सञ्चालन सम्बन्धी विवरण,

(झ) परियोजनाको सञ्चालन वा हस्तान्तरणको शर्त,

(ञ) परियोजना सञ्चालन गर्दा उपभोक्तासँग लिन पाउने महसुल सम्बन्धी व्यवस्था,

(ट) परियोजनाको बीमा सम्बन्धी व्यवस्था,

(ठ) परियोजनामा जडित मेशिन तथा परियोजना हस्तान्तरणका बखत हुनु पर्ने अवस्था र गुणस्तर,

(ड) गाउँपालिकालाई बुझाउनु पर्ने शुल्क तथा रोयल्टी र भुक्तानी विधि,

(ढ) परियोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौता बमोजिमको दायित्व पूरा नगरेको कारणबाट सम्झौता रद्द हुने अवस्था,

(ण) परियोजनामा गाउँपालिकाको कुनै लगानी हुने भए त्यस्तो लगानी र सो वापत गाउँपालिकाले प्राप्त गर्ने प्रतिफल,

(त) जग्गा प्राप्ति सम्बन्धी व्यवस्था,

(थ) थप परियोजना अध्ययन तथा सञ्चालन गर्न दिने भए सोसम्बन्धी व्यवस्था,

(द) सवलिज गर्न सक्ने भए सो सम्बन्धी शर्त तथा अन्य व्यवस्था,

(ध) परियोजना हस्तान्तरण गर्ने भएमा त्यस्तो निकाय,

(न) अन्य आवश्यक बिषयहरु ।

(३) उपदफा (२) बमोजिम सम्झौताको लागि सहमति भएको दस्तावेजलाई समितिले स्वीकृति गरी प्रस्ताबकसँग सम्झौता गर्ने/गराउनेछ।

(४) उपदफा (१) बमोजिमको वार्ता समितिको कार्यवधि सो समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**२९. सम्झौता कार्यान्वयन :** (१) दफा २७ बमोजिम सम्पन्न भएको सम्झौता कार्यान्वयनको लागि सम्बद्ध निकायबाट सम्झौताको शर्त बमोजिम प्राप्त गर्नुपर्ने इजाजत, स्वीकृति लगायतका सम्पूर्ण दायित्व लगानीकर्ताले बहन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता कार्यान्वयन गर्दा सरोकारवाला सम्बद्ध निकायहरुसँग गाउँपालिकाले आवश्यकता अनुसार समन्वय तथा सहजीकरण गर्नुपर्ने छ।

(३) यस दफा बमोजिम सम्झौता कार्यान्वयन गर्ने सिलसिलामा प्रस्तावकले सम्झौताका शर्तहरुको अधीनमा रही कार्ययोजना निर्माण गरी परियोजना कार्यान्वयन गर्नुपर्नेछ।

**३०. सम्झौता रद्द गर्न सक्ने :** (१) दफा २७ बमोजिम गरिएको सम्झौतामा उल्लेखित शर्तहरुको पालना नगरेको अवस्थामा वा तोकिएको समयमा कार्यसम्पादन नगरेमा लगानीकर्तालाई यस ऐन बमोजिम प्रदान गरिएको अनुमतिपत्र/इजाजतपत्र सहित समितिले सम्झौता रद्द गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र/इजाजतपत्र खारेज भएमा प्रस्तावकले सम्झौतामा उल्लखे भएको अवस्थामा बाहेक गाउँपालिकासँग कुनै किसिमको हानि नोक्सानी वापतको क्षतिपूर्ति दाबी गर्न पाउने छैन ।

(३) उपदफा (१) बमोजिम लगानीकर्तासँग भएको सम्झौता खारेज गर्दा सो सम्झौतामा उल्लेख गरिएका प्रक्रिया पुरा गर्नु पर्नेछ।

## परिच्छेद-७
## सुविधा तथा प्रोत्साहन सम्बन्धी व्यवस्था

**३१. कानुन बमोजिमको सुविधा पाउने :** यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरी भएको लगानीले यस ऐन बमोजिमको सुविधाको अतिरिक्त प्रचलित संघीय कानुन, प्रदेश कानुन र गाउँपालिकाको अन्य स्थानीय कानुन बमोजिम उद्योग वा कम्पनीले पाउने सम्पूर्ण संरक्षण, सुविधा, सहुलियत तथा छुट समेत प्राप्त गर्नेछ।

**३२. गाउँपालिकाले थप सुविधा उपलब्ध गराउन सक्ने :** (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानुन बमोजिम प्राप्त हुने सुविधाका अतिरिक्त गाउँपालिकाले थप आर्थिक सुविधा दिन नेपाल सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय सरकार समक्ष सिफारिस गर्न सक्नेछ।

(२) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम उपलब्ध भएको सुविधा तोकिएको अवधिसम्मको लागि उपयोग गर्न बाधा पर्ने छैन।

(३) यस दफा बमोजिम अनुमतिप्राप्त व्यक्तिले यस ऐन बमोजिमप्राप्त सुविधाको दुरूपयोग गरेमा त्यस्तो सुविधा समितिले रद्द गरी त्यस्ता सुविधा बरावरको रकम र सोमा शतप्रतिशत जरिवाना असुल उपर गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम सुविधा रद्द गर्नु अघि सम्बन्धित अनुमतिपत्रवालालाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

**३३. सम्भाव्यता न्यून-परिपूरक कोष (भायविलिटी ग्याप फण्डिङ्ग) को व्यवस्था :** (१) गाउँपालिकाले दीर्घकालीन रुपमा सकारात्मक प्रतिफल दिने तथा पूर्वाधार संरचनाको दृष्टिकोणले महत्वपूर्ण देखिएको तर वित्तीय

रुपमा तत्काल मनासिव प्रतिफल दिन नसक्ने परियोजनाको निर्माण, सञ्चालन तथा विस्तारको लागि एक संभाव्यता न्यून-परिपूरक (भायविलिटी ग्याप) कोष स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषबाट तोकिए बमोजिमको मापदण्डको आधारमा तोकिए बमोजिमको परियोजनाको लागि समितिको सिफारिस र बोर्डको सहमतिमा आवश्यक रकम पूँजीगत तथा सञ्चालन अनुदान वा ऋण उपलब्ध गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको कोषमा गाउँ सभाले आवश्यक रकम विनियोजन गर्न सक्नेछ ।

(४) गाउँपालिकाको कार्यक्षेत्रभित्रको कुनै परियोजनामा संघीय ऐन बमोजिम स्थापना भएको सम्भाव्यता न्यून-परिपूरक कोष भायविलिटी ग्याप फण्डिङ्ग) बाट रकम प्रयोग गर्न आवश्यक भएमा समितिले निर्णय गरी बोर्डसमक्ष अनुरोध गर्नुपर्नेछ । बोर्डको सिफारिसमा नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृति भए बमोजिम कोषको रकम प्रयोग हुनेछ ।

(५) उपदफा (१) बमोजिमको कोष सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३४. थप प्रोत्साहन सुविधा उपलब्ध गराउन सक्ने :** कुनै लगानीकर्ताले परियोजना विकास तथा सञ्चालन गर्दा सम्झौतामा उल्लेख भएको समयसीमा अगावै निर्माण कार्य सम्पन्न गरेमा वा परियोजनाको गुणस्तर उच्च भएमा वा अत्याधुनिक प्रविधिको प्रयोग गरी गाउँपालिकालाई थप लाभ हुने देखिएमा त्यस्तो लगानीकर्तालाई गाउँपालिकाले तोकिए बमोजिम थप आर्थिक तथा गैर आथिर्क प्रोत्साहन प्रदान गर्न सक्नेछ ।

## परिच्छेद-८
## विविध

**३५. मूल्याङ्कन समिति गठन गर्नुपर्ने :**(१) सार्वजनिक निजी साझेदारी तथा निजी लगानी सम्बन्धी परियोजनाहरुमा पेश हुन आएका प्रस्तावहरुको मूल्याङ्कन गरी सिफारिस गर्न समितिले मूल्याङ्कन समिति गठन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने मूल्याङ्कन समितिमा गाउँपालिकाका अधिकृतस्तरका कर्मचारी, सार्वजनिक निजी साझेदारी विज्ञ वा  परियोजना विज्ञ समते गरी पाँच जना रहनेछन् ।

(३) उपदफा (२) बमोजिमको मूल्याङ्कन समितिको सदस्य सचिव एकाइको प्रमुख हुनेछ ।

(४) आयोगले तोकेको अधिकृतस्तरको प्रतिनिधि र गाउँपालिकाको सार्वजनिक खरिद शाखा  वा यस सम्बद्ध प्रशासनिक शाखाका प्रमुख उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिमा स्थायी आमन्त्रित सदस्य हुनेछ ।

(५) उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिमा परियोजनासँग सम्बन्धित बिषयविज्ञ समेतलाई बैठकमा आमन्त्रण गरी राय परामर्श सुझाव प्राप्त गर्न सकिनेछ ।

(६) मूल्याङ्कन सम्बन्धी अन्य कुरा प्रचलित कानुन र मूल्याङ्कनका लागि तोकिएको  आधार बमोजिम हुनेछ ।

**३६. सेवा सुविधाका शर्त तोक्न सक्ने :** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले उपभोक्तालाई सेवा सुविधा उपलब्ध गराउँदा यस ऐन, समितिले गरेका निर्णय, संघीय कानुन , प्रदेश कानुन तथा सम्झौताको अधीनमा रही आवश्यक शर्त तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएका शर्त विपरीत उपभोक्ताले सेवा सुविधा उपभोग गर्न पाउने छैन ।

**३७. रोयल्टी बुझाउनु पर्ने :** अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिमको रोयल्टी सम्झौतामा उल्लेखित शर्त अनुसार गाउँपालिकालाई बुझाउनु पर्नेछ ।

**३८. परियोजना हस्तान्तरण गर्नु पर्ने :** (१) सार्वजनिक निजी साझेदारीबाट कार्यान्वयन भएका परियोजना सम्झौतामा उल्लेख भए बमोजिम गाउँपालिकालाई हस्तान्तरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना हस्तान्तरण हुँदा त्यस्तो परियोजनामा जडित मेसिन, उपकरण, संरचना तथा अन्य यस्तै प्रकारका वस्तु तथा प्रणालीहरु सम्झौतामा लेखिए बमोजिमको क्षमता, अवस्था र चालू हालतमा हुनु पर्नेछ ।

(३) परियोजना हस्तान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३९. गाउँपालिकाको स्वामित्व हुने :** यस ऐन बमोजिम हस्तान्तरण भएको परियोजना र त्यस्तो परियोजनामा जडित मेसिन, उपकरण, सफ्टवेयर र अन्य संरचना तथा परियोजनासँग सम्बन्धित भवन, घर जग्गा तथा अन्य यस्तै प्रकारका बस्तु तथा प्रणालीहरुको स्वामित्व गाउँपालिकाको हुनेछ ।

**४०. कारवाही गर्न सक्ने :** कुनै लगानीकर्ताले यस ऐनको व्यवस्थाको पालना नगरेमा समितिले तोकिएको प्रक्रिया पूरा गरी देहायको कुनै वा सबै कारवाही गर्न सक्नेछः

(क) निर्माण रोक्का गर्ने,

(ख) अनुमतिपत्र/इजाजत पत्र रद्द गर्ने,

(ग) अन्य यस्तै प्रकारका जुनसूकै कारवाही ।

**४१. गाउँपालिकाले कार्यान्वयन गर्न सक्ने :** प्रचलित संघीय कानुन बमोजिम बोर्डबाट कार्यान्वयन गरिने कुनै परियोजना गाउँपालिकाबाट कार्यान्वयन गर्न उपयुक्त देखी बोर्डको स्वीकृति प्राप्त भएमा त्यस्तो परियोजना गाउँपालिकाले कार्यान्वयन गर्नसक्नेछ ।

**४२. स्वीकृतिका लागि बोर्डमा पठाउनु पर्ने :** छ अर्ब रुपैंया वा सो भन्दा बढी लागत अनुमान भएका परियोजनाको लगानी स्वीकृतिका लागि बोर्डमा पठाउनुपर्नेछ ।

**४३. समझदारी वा सम्झौताबाट कार्यान्वयन गर्न सकिने :** समितिले पहिचान गरी सूची स्वीकृत गरेको कुनै परियोजनामा आवश्यकतानुसार बोर्डसंग आपसी समझदारी वा सम्झौता गरी कार्यान्वयन गर्न सकिनेछ।

**४४. बिदेशी लगानी सम्बन्धमा :** गाउँपालिकाको कार्यक्षेत्रमा परेका परियोजनामा हुने बिदेशी लगानी सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ । साथै सोका अतिरिक्त विदेशी सहायता,लगानी माग गर्दा अध्यक्ष मार्फत सिफरिस गरी माग गर्नुपर्नेछ ।

**४५.सम्बन्धित निकायसँग समन्वय गर्नुपर्ने :**गाउँपालिकाको कार्यक्षेत्रभित्र पर्ने सार्बजनिक निजी साझेदारी लगानी वा निजी लगानीबाट हुने परियोजनाको कार्यान्वयनका लागि समितिले आवश्यकतानुसार नेपाल सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय सरकार अन्तर्गतका सम्बन्धित निकायहरुसँग समन्वय गर्नेछ ।

**४६. अन्तर-सरकारी साझेदारी कार्यक्रम :** सार्वजनिक निजी साझेदारी तथा निजी लगानीबाट कार्यान्वयन हुने परियोजनाहरुमा नेपाल सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय सरकारसँग आवश्यकता अनुसार साझेदारी गरी कार्यक्रम गर्न सकिनेछ ।

**४७. राय परामर्श लिन सकिने :** गाउँपालिकाका कार्यक्षेत्रभित्र पर्ने सार्वजनिक निजी साझेदारी वा निजी लगानीबाट हुने परियोजनाको कार्यान्वयनका लागि समितिले आवश्यकतानुसार बोर्ड, बिषयविज्ञ, सल्लाहकारहरुसँग समेत परामर्श लिन सक्नेछ ।

**४८. वार्षिक प्रतिवेदन :** (१) समितिको काम कारवाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र तयार गरी समिति मार्फत कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन नगरसभाबाट पारित गरी सार्वजनिक गरीनेछ ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराहरुको अतिरिक्त समितिले सो आर्थिक बर्षमा कार्यान्वयन गरेका परियोजना, परियोजना सञ्चालन गर्दा भएको खर्च र त्यसको उपलब्धि, स्वीकृत भएको लगानी रकम, परियोजना संख्या र सिकाई तथा भबिष्यमा गर्नुपर्ने सुधारका बिषयहरु समेत समाबेश गर्नुपर्नेछ ।

**४९. अधिकार प्रत्यायोजन :** समितिल यस ऐन बमोजिम आफूलाई प्राप्त केही अधिकार कुनै जनप्रतिनिधि वा अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**५०. क्षतिपूर्ति दिनु पर्ने :** (१) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै पक्षले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा सम्झौता विपरीत कुनै काम गरेबाट अर्को पक्षलाई हानि नोक्सानी पर्न गएमा त्यसरी पर्न गएको हानि नोक्सानी बापतको मनासिब रकम हानी नोक्सानी गर्ने पक्षले नोक्सानी पर्ने पक्षलाई क्षतिपूर्ति वापत बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि क्षतिको मूल्याङ्कन  स्वतन्त्र मूल्याङ्कनकर्ताबाट गरीनेछ ।

(३) क्षतिको मूल्याङ्कन तथा क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५१. अनुदान तथा ऋण सहायता स्वीकार गर्ने :** (१) समितिले निर्धारण गरेका परियोजना विकास तथा कार्यान्वयनका लागि अर्थ मन्त्रालयको सहमति तथा समन्वयमा अनुदान तथा तोकिए बमोजिम ऋण सहायता स्वीकार गर्न सक्नेछ ।

**५२. स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नु पर्ने :** अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयनको सिलसिलामा स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोगलाई प्राथमिकता दिनु पर्नेछ ।

**५३. कानुनी विवाद समाधान** : (१) विदेशी लगानीका सम्बन्धमा स्वदेशी र विदेशी लगानीकर्ता तथा गाउँपालिका र बिदेशी लगानीकर्ताबीच कुनै विवाद उत्पन्न भएमा त्यस्ता लगानीकर्ताले आपसी छलफल वा वार्ताबाट त्यस्तो विवादको समाधान गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवाद उत्पन्न भएको पैतिस दिनभित्र त्यस्तो विवादको समाधान हुन नसकेमा त्यस्तो विवाद बोर्डको रोहवरमा सम्बन्धित पक्षहरुले आपसी वार्ताद्वारा समाधान गर्नुपर्नेछ ।

(३) विवाद उत्पन्न भएको पैतिस दिनभित्र उपदफा (१) वा (२) बमोजिमको प्रक्रियाबाट विवादको समाधान हुन नसकेमा र त्यस्तो विवादको समाधान गर्न विवादका पक्षहरुबिच संयुक्त लगानी वा विवाद समाधान सम्बन्धी सम्झौता भएकोमा त्यस्तो सम्झौता बमोजिम विवादको समाधान गरिनेछ ।

(४) उपदफा (३) बमोजिम विवाद समाधान भएको कुराको जानकारी पक्षहरुले त्यस्तो विवाद समाधान भएको पन्ध्र दिनभित्र बोर्डलाई दिनुपर्नेछ । तर के कुन शर्तहरु त्यस्तो सहमति भएको हो भन्ने कुराको जानकारी दिन पक्षहरु बाध्य हुने छैनन् ।

(५) विवाद समाधान सम्बन्धी अन्य व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

**५४. वाधा अड्काउ फुकाउने :** यस ऐनको कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ देखा परेमा कार्यपालिकाले आदेश जारी गरी त्यस्तो वाधा अड्चन फुकाउन सक्नेछ ।

**५५. यस ऐन बमोजिम हुने :** यस ऐनमा लेखिएको कुरामा यस ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

**५६. नियम, कार्यविधि तथा निर्देशिका बनाउन सक्ने :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम, कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ ।